# प्रेस विज्ञप्ती

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम अन्तर-सरकारी वित्त परिषद्को चौथो बैठक परिषद्का संयोजक माननीय अर्थमन्त्री डा. श्री युवराज खतिवडाज्यूको अध्यक्षतामा परिषद्का सदस्यहरु एवं अन्य आमन्त्रित व्यक्तिहरुको उपिस्थितिमा आज अर्थ मन्त्रालयमा सम्पन्न भयो ।

बैठकमा माननीय अर्थमन्त्री डा. श्री युवराज खतिवडाज्यूले वित्तीय संघीयता कार्यान्वयनका क्रममा संघ, प्रदेश र स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को बजेटको प्रगति समीक्षा तथा चालु आर्थिक वर्ष २०७६/७७ को बजेटको कार्यान्वयन कार्ययोजना, अधुरो आयोजनाहरुको कर्यान्वयन, संघ, प्रदेश र स्थानीय तहमा लगाइएका कर तथा शुल्कहरुको कार्यान्वयनमा देखिएका समस्याहरु, राजस्व र खर्चको लेखाविधि र त्यसको प्रतिवेदन प्रणाली व्यवस्थित गर्ने विषयमा छलफल गर्न बैठक आयोजना गरिएको बताउँदै खासगरी बजेट कार्यान्वयनमा देखिएका अन्तर-सरकार बीचका तथा अन्तर निकायगत समस्याहरु समाधान गर्न यो बैठक फलदायी हुने विश्वास व्यक्त गर्नु भयो । उहाँले वित्तीय संघीयता कार्यान्वयनको क्रममा देखिएका समस्या समाधान गर्न विभिन्न कानुनमा परिमार्जन गर्ने, जनशक्ति व्यवस्थापन र राजस्व परिचालनमा देखिएका समस्याहरुको समाधान गर्दै जाने र बैठकमा उठेका विविध विषयहरुलाई लिपिवद्ध गरी कार्यान्वयन सहजीकरण गर्न सम्बन्धित निकायमा पठाउने तथा त्यस्ता निकायसँग छलफल गरी समस्या समाधान गर्न आवश्यक पहल गर्ने विश्वास दिलाउनु भयो ।

बैठकमा प्रदेश नं ५ का मुख्यमन्त्री तथा आर्थिक मामिला तथा योजना मन्त्री एवं अन्य प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्रीहरु लगायत परिषद्का सवै सदस्यहरु एवं विज्ञहरुले वित्तीय संघीयता कार्यान्वयनका सम्बन्धमा देखा परेका समस्या र समाधानका उपायका सम्बन्धमा आ-आफ्ना धारणा राखु भएको थियो । आर्थिक वर्ष २०७५/७६ को बजेटको प्रगति समीक्षा, २०७६/७७ को बजेटको कार्यान्वयन योजना, समपुरक र विशेष अनुदान सम्बन्धी कार्यविधि तथा अनुदान परिचालनका विषय र अधुरा आयोजना कार्यान्वयन लगायतका विषयमा देखा परेका समस्याहरु वारे परिषद्का सदस्यहरुले आ-आफ्ना धारणा प्रस्तुत गर्नु भएको थियो ।

उक्त बैठकमा अर्थ मन्त्रालयका सचिव राजन खनालले स्वागत गर्दै कार्यक्रमको सुरुवात गर्नु भएको थियो । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका तत्कालीन र हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव श्री बैकुण्ठ अर्यालले वित्त हस्तान्तरण तथा रोयल्टी बाँडफाँटका सम्बन्धमा, अर्थ मन्त्रालयका सह-सचिव श्री थानेश्वर गौतमले विगत बैठकका निर्णयहरुको कार्यान्वयनको प्रगति अवस्था र बैठकका एजेण्डाहरुको विषयमा तथा बजेट निकासा खर्च, लेखाङ्कन र प्रतिवेदनका विषयमा सह-महालेखा नियन्त्रक श्री रमेश प्रसाद शिवाकोटीले प्रस्तुतीकरण गर्नु

भएको थियो । बैठकमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष तथा सदस्यहरु, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका अध्यक्ष लगायत नेपाल सरकारका विभिन्न विषयगत मन्त्रालयका सचिव तथा उच्च पदस्थ कर्मचारीहरु उपस्थित भइ आ-आफ्ना धारणाहरु प्रस्तुत गर्नु भएको थियो ।

(उत्तर कुमार खत्री)
सह-सचिव/प्रवक्ता

भाद्र ६, २०७६
नेपाल सरकार
अर्थ मन्त्रालय